आज मिति २०८२।०३।०९ गते सोमबार दिनको ७:३० बजे मिथिला नगरपालिकाको सभा हलमा नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा निम्न अनुसारको उपस्थितमा देहाय अनुसारको प्रस्तावहरुमा छलफल गर्न नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्र बहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्गदन | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री अशोक कुमार भण्डारी | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मिति २०८२।०३।०९

बैठकका प्रस्तावहरु:

प्रस्ताव नं.१) मिथिला नगरपालिकाको १५औं नगर अधिवेशनको नगर सभामा संचालन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२) मिथिला नगरपालिकाको आगामी आर्थिक बर्ष ०८२/०८३ को लागि नीति तथा कार्यक्रम तयारीका लागि समिति गठन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३) आ.व. २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA)को नतिजा स्वीकृत तथा अनुमोदन सम्वन्धमा ।

प्रस्ताव नं.४) गत आर्थिक वर्षको कार्यक्रम तथा योजनाको भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं.५) मालपोत कार्यालय, ढल्केवर, धनुषाबाट सडक मापदण्ड माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.६) विविध ।

## बैठकका निर्णयहरु:

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा मिथिला नगरपालिकाको १५औं नगर अधिवेशन मिति २०८२ साल असार १५ गते संचलान गर्ने निर्णय पारित गरियो।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा मिथिला नगरपालिकाको आगामी आर्थिक बर्ष ०८२/०८३ को लागि नीति तथा कार्यक्रम तयारीका लागि देहायका पदाधिकारी रहने गरी समिति गठन गर्ने निर्णय पारित गरियो।

देहाय

उप प्रमुख श्री सुनिता सिंह बुढाथोकी - संयोजक
आर्थिक विकास समिति संयोजक श्री राम चन्द्र महतो- सदस्य
सामाजिक विकास समिति संयोजक श्री राम बहादुर स्याङ्गदन- सदस्य
पुर्वाधार विकास समिति संयोजक श्री सविन विक्रम थापा - सदस्य
वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक श्री विहारी महतो - सदस्य
सुशासन तथा संस्थागत विकास समिति संयोजक श्री जोगी महतो - सदस्य
कार्यपालिका सदस्य श्री इन्द्रकला देवी - सदस्य
कार्यपालिका सदस्य श्री अन्जु श्रेष्ठ - सदस्य
कार्यपालिका सदस्य श्री विशेश्वर साह हलुवाई - सदस्य
लेखा अधिकृत (सातौं) श्री रामबाबु शाह - सदस्य
प्रशासन शाखा प्रमुख श्री सुर्य नारायण सिंह - सदस्य
कानुनी सल्लाहकार श्री अच्युत आचर्य - सदस्य
प्रमुख प्रशासकीय अधिकृत श्री अशोक कुमार भण्डारी - सदस्य सचिव

**आमन्त्रित**

नगर प्रमुख श्री महेन्द्र महतो

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ को दफा ४ मा भंएको स्वमूल्याङ्कन प्रकृया तथा अंकभारको व्यवस्था अनुसार यस नगरपालिका भित्र रहेका शाखा/उप-शाखा हरुले पेश गरेको आपनो विषय संग सम्बन्धित सूचकहरुको प्रमाणीकरणका आधारको कागजातहरु जिल्ला समन्वय समितिको कार्यालय, धनुषाबाट पृष्टपोषण भई एकीकृत रुपमा तयार भएको प्रारम्भिक नतिजा सूचकगत रुपमा छलफल र विश्लेषण गर्दा यस संस्थाको आ.व. २०८०/०८१ को जम्मा प्राप्त यथार्थ अंकभार ७१% हुन आएको र सोको सार्वजनिकिरण गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा विभिन्न फर्महरुबाट भुक्तानी लागि माग भएको सम्बन्धमा देहाय अनुसार भुक्तानी दिने निर्णय पारित गरियो ।

क) मिथिला नगरपालिका वडा नं ५ को बाटो स्तरउन्ती हलुवाई टोल श्रीपुरमा बाटो स्तरउन्ती उपभोक्ता समितिले पेश गरेको विल भरपाई तथा प्राविधिक प्रतिवेदनका आधारमा रु २ (दुई) लाख रकम मांग भएकोमा सोही शीर्षकको रकमबाट भुक्तानी गर्ने।

ख) मिथिला नगरपालिका क्षेत्र भित्र रहेका नदिजन्य पदार्थको IEE प्रतिवेदन तयार गरी **RSS Engineering Consultancy Pvt.Ltd** कमलामाई नगरपालिका वडा ६ सिन्धुलीले पेश गरेको वातावरण अध्ययन प्रतिवेदनको आर्थिक वर्ष २०८०।०८१ मिति २०८०।०५।२५ गते भएको सम्झौता अनुसार रकम माग भएकोमा सोही शीर्षकको रकमबाट भुक्तानी गर्ने ।

ग) मिथिला नगरपालिकाको प्रशासकिय भवनको डि.पि.आर प्रतिवेदन तयार गरी **R.R.Construction & Engineering Consultancy Pvt.Ltd** पुरानो वानेश्वर ३१ले पेश गरेको डि.पि.आर प्रतिवेदनको आर्थिक वर्ष २०८०।०८१ मिति २०८१।०१।२७ गते भएको सम्झौता अनुसार रकम माग भएकोमा सोही शीर्षकको रकमबाट भुक्तानी गर्ने।

घ) महेन्द्र बहुमुखि कलेजको डि.पि.आर प्रतिवेदन तयार गरी **Hermes Engineering Solution Pvt.Ltd** काठमाडौं १४ले पेश गरेको डि.पि.आर प्रतिवेदनको रकम माग भएकोमा नगरपालिकासंग भएको सम्झौता अनुसार सोही शीर्षकको रकमबाट भुक्तानी गर्ने।

ङ) १५(प्रन्ध) शैय्या अस्पतालको डि.पि.आर प्रतिवेदन तयार गरी **Endeavour Engineering Services Pvt.Ltd** काठमाडौं ३२ले पेश गरेको डि.पि.आर प्रतिवेदनको रकम माग भएकोमा नगरपालिकासंग भएको सम्झौता अनुसार सोही शीर्षकको रकमबाट भुक्तानी गर्ने।

च) मिथिला नगरपालिका वडा नं १ को स्यालो ट्युवेल वोरिङ्ग जडान तथा निर्माण गर्न ए एण्ड ए ड्रिलिङ्ग सेवा जनकपुरधाम १ धनुषा पेश गरेको विल भरपाई तथा प्राविधिक प्रतिवेदनका आधारमा रु ८९२१६।००(उनानव्वे हजार दुई सय स्रोह मात्र) रकम भुक्तानी भएकोमा अनुमोदन गर्ने ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा मालपोत कार्यालय, ढल्केवर, धनुषाको प.स. २०८१।०८२ चलानी नं २३९४ को मिति २०८२।०२।०४ गते पत्रानुसार सो सम्बन्धमा मिथिला नगरपालिका क्षेत्र भित्र रहेका जग्गाहरु व्यवसायिक तथा आवासिय क्षेत्रका लागि खोलिने मुल सडक न्यूनतम ६(छ) मिटर र सोही सडकको शाखा सडक तथा कृषि सडक न्यूनतम

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा विविध विषय पेश भएको सम्बन्धमा देहाय अनुसार निर्णय पारित गरियो ।

क) भुमि समस्या समाधान आयोग, ताहाचल, काठमाडौंको मिति २०८२।०२।२९ गतेको सूचना अनुसार भुमिहिन दलित, सुकुम्वासी र अव्यवस्थित वसोवासीले दिने निवेदन जटिल प्रकृतिको भएको तथा सम्बन्धित वडाहरुमा निवेदन भर्ने जनशक्तिको समेत अभाव रहेकोले सो निवेदन फाराम भर्नमा सहजिकरण गर्नका लागि प्रत्येक वडामा एक।एक जना मिति २०८२ साल असार मसान्तसम्मका लागि ज्यालादारीमा राखी कामकाज गर्ने र निजहरुको पारिश्रमिक धनुषाको जिल्ला दररेट अनुसार सेवा सुविधा **करार सेवा शुल्क नगर प्रहरी सेवा सुविधा शीर्षकबाट** दिने।

ख) स्वास्थ्य शाखा प्रमुखको सिफारिसमा निःशुल्क वितरणका लागि औषधीको वोलपत्र भई खरिद भई वाँकी रहेको रकमबाट स्वास्थ्य संस्थाहरुको माग भए वमोजिमको वोल कवोलको उल्लेखित दररेटलाई आधार मानी आवश्यकता अनुसारको पुन थप निःशुल्क वितरणका लागि औषधी सार्वजानिक खरिद नियमावाली २०६४ को नियम ८५ को सोझै खरिद विधिबाट गर्ने ।

ग) कृषि शाखा प्रमुखको सिफारिसमा किसानलाई वितरणका लागि स्प्रेयर वोलपत्र भई खरिद भई वाँकी रहेको रकमबाट किसानबाट माग भए वमोजिमको वोल कवोलको उल्लेखित दररेटलाई आधार मानी आवश्यकता अनुसारको पुन थप किसानलाई वितरणका लागि स्प्रेयर सार्वजानिक खरिद नियमावाली २०६४ को नियम ८५ को सोझै खरिद विधिबाट गर्ने ।

घ) अन्य सामाजिक सहायता शीर्षकमा अपुग भएकोले उक्त शीर्षकमा **करार सेवा शुल्क नगर प्रहरी सेवा सुविधा शीर्षकबाट** रु २,००,०००।००(दुई लाख मात्र) दिने।

ङ) मिथिला नगरपालिका वडा नं ३मा रहेको भोला डिप ट्युववेल जल प्रवन्ध समितिलाई ट्रान्सफर्मर मर्मतका लागि मर्मत सम्भार कोषबाट रु१,००,०००।००(एक लाख मात्र) दिने ।

च) मिथिला नगरपालिका क्षेत्र भित्र रहेको सोलार लाईट तथा टावर लाईट मर्मतका लागि माग भएकोमा उक्त सोलार लाईट तथा टावर लाईटहरु लागत अनुमान स्वीकृत गरी मर्मत सम्भार कोषबाट खर्च भुक्तानी दिने ।